आज मिति २०८१ साल कार्तिक महिना १३ गतेका दिन यस छविसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यूको अध्यक्षतामा बैठक बसी तपशिलका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमका बिषय उपर छलफल गरि तपशिल बमोजिमका निर्णयहरु पारित गरियो

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद | |
|---|---|---|---|
| [signature] | श्री बसन्त बहादुर चलाउने | गा.पा. अध्यक्ष | |
| [signature] | श्री लछिमन बोहरा | गा.पा. उपाध्यक्ष | |
| | श्री करनजंडग बहादुर सिह | वडा अध्यक्ष १ | |
| [signature] | श्री पविन्द्र बहादुर मण्डेल | वडा अध्यक्ष २ | |
| [signature] | श्री श्याम बहादुर सिंह | वडा अध्यक्ष ३ | |
| [signature] | श्री अम्मरराज थापा | वडा अध्यक्ष ४ | |
| | श्री झलक बहादुर धामी | वडा अध्यक्ष ५ | |
| | श्री गजेन्द्र कुमार बुढा | वडा अध्यक्ष ६ | |
| | श्री विजय धामी | वडा अध्यक्ष ७ | |
| [signature] | श्री अरुण वि.क. | कार्यपालिका सदस्य | |
| [signature] | श्री आशा कुमारी थापा कठायत | कार्यपालिका सदस्य | |
| [signature] | श्री मिन्जु कुमारी कडायत | कार्यपालिका सदस्य | |
| [signature] | श्री सरस्वती सिंह रेग्मी | कार्यपालिका सदस्य | |
| [signature] | श्री विमला देवी वि.क. | कार्यपालिका सदस्य | |
| अञ्जना | श्री अन्जना बोहरा | कार्यपालिका सदस्य | |
| | श्री आनन्द्र बहादुर दर्जी | का.बा. अध्यक्ष वडा न ४ | |
| [signature] | श्री गगन बहादुर ऐडी | सदस्य सचिव (नि.प्र.प्र.अ.) | |
| [signature] | श्री अम्मर बहादुर थापा | | |
| [signature] | श्री सिद्धराज भण्डारी | | |
| | श्री | | |
| | श्री | | |
| | श्री ~~उमेश राज जोशी~~ श्री दिपक थापा | का स | दिपक |

[signature]

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

छविसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बभाङ्ग, सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसुचि-१

(कार्यविधिको दफा ७ को उफदफा १ सँग सम्बन्धित)

## छविसपाथिभेरा गाँउपालिका

## गाँउ कार्यपालिका

## कार्यसुचि र समय तालिका

बैठक संख्या: २(आ व २०८१/०८२)

बैठक स्थान:छविसपाथिभेरा गाँउपालिका

अध्यक्षता:श्री बसन्त बहादुर चलाउने

| मिति | बैठक बस्ने समय | कार्यसुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०७।१३ गते | विहान ११:०० बजे | १-आ.व २०८१।०८२ का योजना तथा कार्यक्रम कार्यन्वयन सम्बन्धमा<br>२-कार्यविधि स्वीकृत सम्वन्धमा ।<br>३-विविध । | अध्यक्ष | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१ आ.व.२०८१/०८२ का योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२ अनाथ तथा टुहुरा बालबालिकाहरुको लागि सहयोग अनुदान वितरण कार्यविधि २०८१ सम्बन्धमा ।

३ विविध

निर्णयहरु

## निर्णय न १

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिकाका आ.व.२०८१/०८२ का स्विकृत योजना तथा कार्यक्रमहरु यहि मिति २०८१साल मंशिर मसान्त भित्र सबै वडा कार्यालयले सेवा क्षेत्र भित्रका योजनाहरुको उपभोक्ता समिति गठन गरि सक्ने र २०८२ साल बैसाख मसान्त भित्र सबै योजनाहरुलाई विधिपूर्वक कार्य सम्झौता गरि योजनाहरु कार्यान्वयन गर्ने भन्ने निर्णय सर्वसम्मत पारित गरियो ।

## निर्णय नं. २

प्रस्ताव न २ माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका अनाथ तथा टुहुरा बालबालिकाहरुको लागि सहयोग अनुदान वितरण कार्यविधि २०८१ माथि ब्यापक छलफल गरि उक्त कार्यविधिलाई आजको बैठकले अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

## निर्णय नं. ३

(क) प्रस्ताव न ३ को (क) माथि छलफल गर्दा संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.०८१/०८२ च.न.६४ को प्राप्तपत्रानुसार चालु आ.व. ०८१/०८२ का लागि उच्च पहाडी एवंम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रममा यस गाउँपालिकाबाट तपशिलका आयोजना/ कार्यक्रमहरु छनौट गरि ति आयोजना/ कार्यक्रमलाई उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा ८ को ब्यबस्था तथा अनुसुची (२) बमोजिमको ढाँचामा भरि प्रस्तावना पेश गर्ने भन्ने निर्णय सर्वसम्मत पारित गरियो

### तपशिल

१. झुटेरा दान्ना जयपृथ्वीनगर पर्यटकीय सडक वडा न ४
२. एकल तथा विपन्न महिलाहरुलाई मौरीपालन कार्यक्रम (गा पा भरि)

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner